कृषि तथा वन विज्ञान विश्वविद्यालय
कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
Faculty of Agriculture
Office of the Dean
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: ...........................

मिति:२०७६।०६।०६

# कृषि स्नातकोत्तर (M.Sc.Ag/Biotechnology) तहको भर्ना सम्वन्धी

# सूचना !

शैक्षिक सत्र २०७६/०७७ का लागि यस संकायमा संचालन गरिने कृषि स्नातकोत्तर (M.Sc.Ag./Biotechnology) तहमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट आवेदन माग गरिएको छ । उक्त तहको भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले Online आवेदन फाराम साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ । साथै नेपाल सरकारबाट स्थापित विश्वविद्यालय तथा शैक्षिक संस्था बाहेक अन्य विश्वविद्यालयबाट एस.एल.सी., प्रवीणता प्रमाणपत्र तह, स्नातकतह वा सो सरह उर्त्तीण भएका आवेदकहरुले समानस्तर निर्धारणको प्रमाणपत्र र मुल प्रमाणपत्र (Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१) **आवश्यक न्युनतम शैक्षिक योग्यता** :

कृषि स्नातकोत्तर (M.Sc.Ag./Biotechnology) को लागि कृषि स्नातक (B.Sc.Ag.) वा सो सरहको परीक्षा उर्त्तीण गरेको साथै न्यूनतम Schooling १६ वर्ष हुनु पर्नेछ ।

२) **आवेदन फाराम शुल्क**: रु. ३,५००।- (तीन हजार पांच सय ) मात्र लाग्नेछ ।

उक्त आवेदन फाराम र प्रवेश परीक्षाको जम्मा शुल्क तीन हजार पांच सय मात्र सिदार्थ बैंक लि. नारायणगढको AFU Entrance Examination नाममा रहेको Call Deposit No. 00815263460 मा रकम जम्मा गर्नु पर्नेछ ।

३) आदेवन फाराम भर्ने अवधि मिति २०७६ आविश्न ०७ गते देखि २०७६ कार्तिक १५ सम्म यस विश्वविद्यालयको वेभसाईट www.afu.edu. np बाट Online आवेदन फाराम भर्न सकिनेछ ।

४) संलग्न हुनु पर्ने आवश्यक कागजातहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर आदि नपुग भएमा नपुग कागजपत्रहरु Online बाटै निर्धारित समय भित्र बुझाउनु पर्नेछ । अन्यथा बैंकमा जम्मा गरेको रकम फिर्ता हुनेछैन ।

५) **प्रवेश परीक्षा हुने मिति, समय र स्थान** : २०७६ कार्तिक २१ गते विहान ११:०० बजे डीनको कार्यालय, कृषि संकाय, रामपुर ।

६) **प्रवेशपत्र वितरण मिति र स्थान** : २०७६ कार्तिक २१ गते बिहान ७:०० बजे देखि १०:०० बजेसम्म डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

७) **प्रवेश परीक्षाको नतिजा प्रकाशन**: २०७६ कार्तिक २१ गते

८) **भर्नाको नामवली प्रकाशन मिति**: २०७६ कार्तिक २१ गते

९) **भर्ना मिति** : २०७६ कार्तिक २८ गते

१०) **पढाई सुरु मितिः** २०७६ मंसिर ०१ गते देखि

११) **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्क ९०% र स्नातक तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्कभार दिइनेछ । सोको आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यताको क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत कायम गरिएको छ ।

१२) M.Sc.Ag./Biotechnology को लागि स्नातक तहको पाठ्यक्रमवाट निम्न विषयहरुमा कुल ९० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सवै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टा १५ (पन्ध्र) मिनेटको हुनेछ । प्रवेश परीक्षामा समावेश गरिने विषयहरु र प्रश्न संख्या निम्नानुसारका हुनेछन् ।

क) वाली विज्ञान : ९ ख) वागवानी विज्ञान : ९ ग) माटो विज्ञान : ९

घ) कीट विज्ञान : ९ ङ) वाली प्रजनन् : ९ च) वाली रोग विज्ञान : ९

छ) कृषि अर्थशास्त्र एवम् कृषि व्यवसाय व्यवस्थापन : ९ ज) कृषि प्रसार एंव ग्रामिण समाजशास्त्र : ९

झ) कन्जरभेसन ईकोलोजि र कृषि तथ्याङ्क शास्त्र : ९

ञ) वायोकेमेष्ट्री र वायोटेक्नोलोजी : ९

१३) स्नातकोत्तर तह (M.Sc.Ag./Biotechnology) मा अध्यापन गराईने विभिन्न विषयहरुमा तपशिलको संख्यामा जम्मा ११९ जना विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य सरकारी निकायवाट मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित संख्यामा समावेश गरिएको छैन ।

क) वाली विज्ञान :०६ ख) वीड साईन्सः ०३ ग) सिड साईन्स एण्ड टेक्नोलोजीः ०३
घ) वागवानी विज्ञान : १२ ङ ) माटो विज्ञान :०९ च) कीट विज्ञान : ०९
छ) वाली प्रजनन् : १२ ज) वाली रोग विज्ञान : ०९ झ) कृषि अर्थशास्त्र : १४
ञ) कृषि व्यवसाय व्यवस्थापन : ०६ ट) कृषि प्रसार तथा ग्रामीण समाजशास्त्रः १२
ठ) ग्रामिण समाजशास्त्र तथा विकास अध्ययनः ०९
ड) कृषि वनस्पतिशास्त्र तथा पर्यावरण संरक्षण : ०९ ढ) कृषि जैविक प्रविधि : ०६

१४) आवेदन फाराम बुझाउदा निम्न लिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी बुझाउनु पर्नेछ ।

क) सक्कल बैंक भौचर

ख) नेपाली नागरीकताको प्रमाणपत्र

ग) एस.एल.सी. परीक्षाको लब्धाङ्कपत्र

घ) एस.एल.सी. परीक्षाको चारित्रिक प्रमाणपत्र

ङ) प्रमाणपत्र तहको लब्धाङ्कपत्र

च) प्रमाणपत्र तहको चारित्रिक प्रमाणपत्र

छ) स्नातक तहको लब्धाङ्कपत्र

ज) स्नातक तहको चारित्रिक प्रमाणपत्र

झ) प्रमाणपत्र/स्नातक तहको मुल/अस्थायी प्रमाणपत्र

ञ) समानस्तर निर्धारणको प्रमाण

१५) भर्ना हुन आउदा आवेदन फाराममा संलग्न सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा बुझाउनु पर्नेछ । साथै भर्ना भएको विषय परिवर्तन गरिने छैन ।

१६) कुनै विषयमा तीन जना भन्दा कम विद्यार्थीहरु भर्ना भएमा सो विषयको अध्ययन अध्यापन नहुने व्यहोरा पनि जानकारी गराईन्छ ।

१७) अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाणपत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालय नाम दर्ता (AFU Registration ) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिर्वाय रुपमा बुझाउनु पर्नेछ । यदि उक्त Migration Certificate नबुझाई AFU Registration गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१८) **Fee Structure यस प्रकार हुनेछ :**

**M.Sc.Ag.**

Competitive subsidized student fee (NRs.):
Admission fee: 13,220/ (one-time payment)
Semester fee: 6620/semester
Tuition fee: 1,340/credit hr. (45 credit )
Total fee with minimum required credit hours: NRs. 1,00,000/

Competitive full pay student fee (NRs.):
Admission fee: 26,440/ (one-time payment)
Semester fee: 13,240/semester
Tuition fee: 2,680/credit hr.
Total fee with minimum required credit hours: NRs. 2,00,000/

**M.Sc.Ag./Biotechnology**

Competitive full pay student fee (NRs.):
Admission fee: 38,000/ (one-time payment)
Semester fee: 17,000/semester
Tuition fee: 3,200/credit hr.
Total fee with minimum required credit hours: NRs. 2,50,000

……………………
डीन
कृषि संकाय